ISSN 2990-7667

वन विज्ञान अध्ययन संस्थान

# पोखरा क्याम्पस बुलेटिन

# Pokhara Campus Bulletin

Tribhuvan University
Institute of Forestry
POKHARA CAMPUS

वर्ष ४, अङ्क १, पूर्णाङ्क ७, साउन – पुस २०८० (Year 4, Issue 1, July 17, 2023- Jan. 14, 2024)

## स्थापना दिवसमा शिक्षक, कर्मचारी र विद्यार्थी पुरस्कृत







पोखरा क्याम्पसले २०८० असोज ६ गते विविध कार्यक्रमहरूका साथ ४२ औं स्थापना दिवस मनाएको छ । मुल समारोहमा उत्कृष्ट वर्ष शिक्षक सहप्रा. डा. नारायणप्रसाद गौतम र उत्कृष्ट वर्ष कर्मचारी उप-पुस्तकालयाध्यक्ष सूर्यबहादुर क्षेत्रीलाई पुरस्कृत गरिएको थियो ।

पुरस्कृत शिक्षक, कर्मचारी दुवै जनालाई प्रतिव्यक्ति रू. २५ हजार नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो । शिक्षक कर्मचारी सम्मानका लागि सहायक क्याम्पस प्रमुख डा. विष्णुप्रसाद देवकोटाको अध्यक्षतामा तीन सदस्यीय 'सम्मान तथा पुरस्कार छनोट समिति' गठन गरिएको थियो । पुरस्कार, पदक तथा छात्रवृत्ति सम्बन्धी कार्यविधि २०७८ मा उल्लेखित विविध सूचकहरूका आधारमा सम्मान समितिले गरेको सिफारिस अनुसार प्रत्येक वर्ष उत्कृष्ट शिक्षक तथा कर्मचारी छनोट गरी सम्मानित गर्ने प्रचलन रहेको छ ।

उक्त समारोहमा स्नातक तह, शैक्षिक सत्र २०७४-०७८ मा सर्वोत्कृष्ट अङ्क प्राप्त गरेका विश्वबन्धु आचार्य र २०७५-०७९ समूहका दिनेश भुसाललाई रू. १० हजार नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो । विश्वबन्धुले ८५.२०% र दिनेश भुसालले ८६.२% अङ्क प्राप्त गरी विशिष्टता हासिल गरेका थिए । उक्त दिनमा क्याम्पसको नियमित छात्रवृत्ति बाहेक स्नातक तहका थप ३ जना विद्यार्थीहरूलाई दाताहरूको सहयोगमा सञ्चालन गरिएको जेहेन्दार छात्रवृत्तिसमेत प्रदान गरिएको थियो । जसमध्ये पूर्व डीन प्रा.डा. कृष्णराज तिवारीको आर्थिक सौजन्यमा सञ्चालित वार्षिक २० हजार रूपैयाँ राशिको छात्रवृत्ति स्नातक तह प्रथम वर्ष दोस्रो सेमेष्टरकी अनुजा ढुङ्गानाले प्राप्त गरेकी थिइन भने हाल जर्मनीमा रहनुभएका डा. प्रेम न्यौपाने र कुमारबहादुर दर्जीको आर्थिक सौजन्य रहेको १४/१४ हजार रूपैयाँ राशिको छात्रवृत्ति क्रमशः स्नातक तह दोस्रो वर्ष प्रथम सेमेष्टरकी छात्रा कृष्णा दाहाल र स्नातक तह तेस्रो वर्ष प्रथम सेमेष्टरकी छात्रा एञ्जिला मगरले प्राप्त गरेका थिए । यसबाहेक क्याम्पसबाट प्रदान गरिने जेहेन्दार तथा निशुल्क *-बाँकी पृष्ठ २ मा*

# स्थापना.....

छात्रवृत्तिहरु समेत रहेका छन् जुन, क्याम्पसले नियमित तालिका अन्तर्गत प्रदान गर्ने गर्दछ ।

समारोहमा पछिल्लो समयमा क्याम्पसबाट सेवानिवृत्त हुनुभएका कर्मचारीहरु सह-आर्थिक नियन्त्रक ध्रवगोपाल पराजुली, मुख्य प्राविधिक सहायक हरिश्चन्द्र त्रिपाठी, प्राविधिक सहायक रूमबहादुर खत्री र कार्यालय सहायक लक्ष्मी नेपालीलाई स-सम्मान बिदाइ गरिएको थियो भने क्याम्पस स्थापना भएको वर्ष वि.सं. २०३८ मा सेवा प्रवेश गरी अविच्छिन्न रूपमा कार्यरत मुख्य कार्यालय सहायक रामचन्द्र पौडेल र कार्यालय सहयोगी कृष्णबहादुर सुयल क्षेत्रीलाई दीर्घ सेवा सम्मान प्रदान गरिएको थियो । यसै गरी पछिल्लो समयमा विद्यावारिधि सम्पन्न गर्ने उप-प्राध्यापकद्वय डा. शेषकान्त भण्डारी र डा. श्रीकान्त शर्मा खतिवडालाई विशेष सम्मान प्रदान गरिएको थियो ।

त्रिभुवन विश्वविद्यालयका निमित्त उपकुलपति प्रा.डा.शिवलाल भुसालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वन विज्ञान अध्ययन संस्थानका डीन प्रा. डा. वीरबहादुर खनाल वडा नं. १५ का वडाध्यक्ष तोरणबहादुर बानिया, क्याम्पस व्यवस्थापन समिति तथा कार्यसमितिका सदस्यहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु लगायत शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा सहायक क्याम्पस प्रमुख डा. विष्णुप्रसाद देवकोटाले क्याम्पसको प्रगतिबारे जानकारी प्रस्तुत गर्नुभएको थियो भने प्राध्यापक संघका सुमन भट्टराई, डा. अर्जुनप्रसाद बास्तोला, ध्रुवगोपाल पराजुली,




कर्मचारी संघका एकाइ सभापति विनोदबहादुर थापा र स्ववियुका सभापति समीर कार्कीले मन्तव्य राख्नुभएको थियो । क्याम्पस प्रमुख प्रा. विनोदप्रसाद हेज्यूले धन्यवाद मन्तव्य र उप-पुस्तकालयाध्यक्ष सूर्यबहादुर क्षेत्रीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

स्थापना दिवसको सन्दर्भमा असोज ३ गते क्याम्पसमा विद्यार्थी, शिक्षक र कर्मचारीहरुका लागि निःशुल्क Dental and Oral Health Camp र Positive mental attitude विषयक अन्तरक्रिया सञ्चालन गरिएको थियो । दन्त परीक्षण कार्यक्रममा पोखरा ९ स्थित क्रिस्टल डेन्टल एण्ड ओरल मेडिसिन र बुद्धचोकस्थित बिहानी डेन्टल क्लिनिकले चिकित्सकसहितको प्राविधिक सहयोग गराएको थियो भने सोही दिन बिहान सम्पन्न Positive Mental Attitude: A key to happy youthful student life विषयक अन्तरक्रियामा रोटरी क्लब अफ पोखरा मिडटाउनका सदस्य डा. हरि पौडेलले सहजीकरण गर्नुभएको थियो ।



# स्ववियुको खेलकुद सप्ताह सम्पन्न



*'संरक्षणको लागि खेलकुद'* भन्ने आदर्श वाक्यका साथ स्वतन्त्र विद्यार्थी युनियन वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसद्वारा आयोजित खेलकुद सप्ताह-२०८० विविध खेलहरूका साथ सम्पन्न भएको छ । पोखरा क्याम्पसका निमित्त प्रमुख सुमन भट्टराईले २०८० मङ्सिर १२ गते औपचारिक रूपमा उद्घाटन गरी शुभारम्भ भएको खेलकुद सप्ताह १८ गते समापन भएको थियो ।

लगातार एक हप्तासम्म सञ्चालित खेलकुदमा १०० मिटरको दौड, रिले दौडदेखि सटपुट, क्रिकेट, भलिबल र फुटबलजस्ता खेलहरु समावेश थिए । ती विविध खेलहरूमा २८० भन्दा बढी महिला र पुरुष खेलाडीहरूले कुशलतापूर्वक प्रतिष्पर्धा गरेका थिए ।

खेलकुदलाई व्यवस्थित तुल्याउनका लागि अन्य विद्यार्थी स्वयंसेवकहरूले सघाएका थिए भने खेल खेलाउनका लागि खेल प्रशिक्षक चित्रबहादुर गुरूङले सहजीकरण गर्नुभएको थियो । खेलको अन्तिम दिनमा विभिन्न खेलहरूमा विजेता खेलाडी र समूहहरूलाई निमित्त क्याम्पस प्रमुख डा. शेषकान्त भण्डारी, खेल प्रशिक्षक चित्रबहादुर गुरूङ र स्ववियु अध्यक्ष समीर कार्कीले संयुक्त रूपमा मेडल, सिल्ड तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । निमित्त क्याम्पस प्रमुख डा. भण्डारीले आयोजकदेखि सहभागी खेलाडीहरु, स्वयंसेवक, सहयोगी तथा शुभेच्छुक सबैलाई धन्यवाद दिनुभएको थियो । यस वर्षको खेल सप्ताहको समापन अविस्मरणीय अनुभव र उमङ्गका सम्पन्न भएको थियो ।



# IOF Faculty and Team Secure Patent for Their Invention

Dr. Narayan Prasad Gautam, an Associate Professor at IoF-PC, along with his team of researchers from Fujian Agriculture and Forestry University, including Wu Pengfei, Wang Nemin, Liu Aiqin, and Cai Liping, has achieved a significant milestone. They successfully obtained a patent for their invention titled "Experimental Device and Working Method for Studying Root Kinship Identification".

The invention, officially patented on September 8, 2023, has far-reaching implications for the study of plant behavior and ecological relationships. Initially, they registered a patent and obtained a certificate in 2018. Subsequently, in 2023, they secured another patent, which is an updated version of the first one.

# गिद्ध संरक्षण सम्बन्धी छलफल

प्रकृतिका कुचिकार भनेर चिनिने गिद्धको बासस्थान संरक्षणमा देखिएका चुनौती तथा अनुसन्धान प्राथमिकता सम्बन्धमा पोखरा क्याम्पसमा २०८० भदौ २४ गते औपचारिक कार्यक्रमका बीच छलफल सम्पन्न भएको छ । हरेक अङ्ग्रेजी वर्षको सेप्टेम्बर महिनाको पहिलो शनिवार मनाइने अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवसको अवसर पारेर अगस्ट ३१, २०२३ मा सञ्चालन गरिएको उक्त कार्यक्रमको मुख्य आयोजक नेपाल पन्छी संरक्षण संघ, पोखरा शाखा तथा पोखरा पन्छी समाज रहेका थिए भने वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियन तथा नेपाल संरक्षण संघ, केन्द्रीय कार्यालय समेतको सहयोग रहेको थियो । ६० जना भन्दा बढीको सहभागिता रहेको उक्त




कार्यक्रमका प्रमुख वक्ताहरूमा प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय संघ (IUCN) का कृष्ण भुसाल र हेमन्त ढकाल, पन्छी संरक्षण नेपालका अङ्कित विलाश जोसी, पन्छी संरक्षण समाज पोखराका मनशान्त घिमिरे रहनुभएको थियो । कार्यक्रममा पोखरा क्याम्पसकी विद्यार्थी दीपा गुरुङले नेपालमा पाइने गिद्धहरूको प्रजाति, महत्व, तिनीहरूको अनुसन्धान र संरक्षणको अवस्था, चुनौती तथा समाधानका उपायहरु शीर्षकमा प्रस्तुति दिनुभएको थियो । छलफलमा वक्ताहरूले सहभागीहरूका विभिन्न जिज्ञासाहरूबारे प्रकाश पारेका थिए ।

---

# सफा सहर हरित सहर कार्यक्रममा पोखरा क्याम्पस

पोखरा महानगरपालिकाको *Clean City Green City* कार्यक्रममा पोखरा क्याम्पसले सहभागिता जनाएको छ । जि टु जि मोडेलअन्तर्गत परामर्श सेवाका लागि पोखरा क्याम्पस छनोट भई कार्यसम्पादनका लागि २०८० कात्तिक ३ मा दुई पक्षीय समझदारी भएको थियो । उक्त कार्यका लागि पोखरा महानगरपालिकाले १९ लाख ३७ हजार एक सय रूपैयाँ स्वीकृत गरेको छ ।

पोखरा महानगरपालिकालाई 'सफा सहर हरित सहर' बनाउन सम्भावित वृक्षारोपण स्थल र वृक्षारोपण रणनीति निर्माण सम्बन्धमा पोखरा महानगरपालिकाले गरेको सार्वजनिक आह्वानअन्तर्गत पोखरा क्याम्पसको प्रस्ताव स्वीकृत भएपश्चात् पोखरा क्याम्पसले उक्त कामको जिम्मेवारी पाएको हो । प्रस्ताव तयार तथा आवश्यक कार्यसम्पादनका लागि पोखरा क्याम्पसले उपप्रा. डा. शेषकान्त भण्डारीको संयोजकत्वमा उपप्रा. सुमन भट्टराई र उपप्रा. विकास अधिकारी रहेको तीन सदस्यीय समिति गठन गरेअनुसार समितिले आवश्यक काम अघि बढाएको छ ।

समझदारी अनुसार क्याम्पसको तर्फबाट पोखरा महानगरपालिकालाई 'सफा सहर हरित सहर' बनाउनका लागि सम्भावित वृक्षारोपण स्थलहरु छनोट, बिरूवाका प्रजाति छनोट, वृक्षारोपण रणनीतिका साथै सोको व्यवस्थापन तथा संरक्षण रणनीतिजस्ता विषयमा प्राविधिक सेवा र सल्लाह प्रदान गरिनेछ ।

पोखरा महानगरपालिकालाई आवश्यक पर्ने सहरी तथा सामुदायिक वन, वातावरण, जलवायु परिवर्तन, उद्यान तथा पारिस्थितिक प्रणाली लगायतका दिगो विकास सम्बन्धी विषयमा प्राविधिक परामर्श प्रदान गर्ने सम्बन्धमा पहिलोपटक २०७७ असोज ०१ मा दुई पक्षीय समझदारी भएको थियो ।

# Faculty Members Shine in International Pursuits

Faculty members at our institution have been consistently achieving significant milestones in various fields, showcasing their academic excellence and commitment to global collaboration.

Professor Dr. Raj Kumar Koirala represented from IOF-PC at the sixth General Assembly of the Asia-Pacific Forestry Education Coordination Mechanism (AP-FECM) in Kunming City, China, from August 15th to 17th, 2023. The event gathered prominent researchers, experts, and scholars from across the globe, providing an excellent platform for the exchange of ideas and the dissemination of knowledge regarding forestry education. Dr. Koirala's active involvement in international congresses plays a vital role in maintaining our institution's leadership position in experience sharing and fostering external collaborations.

Meanwhile, Associate Professor Dr. Thakur Silwal has recently returned from a 1.5-month visit to the University of Tennessee, USA, where he served as a short-term visiting scholar. During his time there, from September 5th to October 20th, 2023, he participated in various programs focusing on wildlife conservation and protected area management. While at the University of Tennessee, Dr. Silwal shared his expertise through seminars and gained valuable insights from observing diverse conservation activities. His participation as a visiting scholar not only underscores his commitment to advancing conservation science but also highlights the collaborative efforts between academic institutions towards a shared goal of preserving our planet's biodiversity.

Furthermore, Assistant Professor Rajan Subedi's recent completion of a six-week training program from Spain, from November 6th to December 22nd, 2023, marked another significant achievement for our campus. The training, funded by a fellowship from the International Atomic Energy Agency (IAEA), focused on enhancing research capacities in the study of *Climate Change Impacts on Soil, Sediments, and Water Resources in Mountainous Regions.* Through this training, Mr. Subedi acquired valuable insights and skills crucial for advancing innovation in soil and water studies, thereby contributing to sustainable solutions for environmental challenges. His dedication to incorporating this newfound knowledge into his teaching and research endeavors promises to benefit both students and the wider community.

These remarkable accomplishments exemplify the dedication and excellence of our faculty members, further solidifying our institution's reputation as a hub for academic excellence and global engagement.

# Training on Satellite-Generated Environmental Analysis Wraps up Successfully

The Department of Watershed Management and Environmental Sciences (WME) at the Institute of forestry, Pokhara Campus, Nepal in collaboration with the ERASMUS Plus initiatives at the University of Salzberg, Austria successfully organized a 5-days intensive training on Analysis of Satellite generated environmental and climatic variables for natural resource Management. The training, held from July 19th to July 22nd, 2022, aimed to equip participants with essential skills in acquiring, analyzing, and utilizing climate and environmental parameters to predict rainfall patterns.

Dr. Shahnawaz Shahnawaz from the University of Salzberg was the main resource person, while overall coordination was done by Dr. Lila Puri, Head of the WME department. Altogether Fifteen participants, including fourteen M.Sc. students and one faculty member participated in the training.

On the concluding day, Dr. Shahnawaz, Resource person, expressed his heartfelt satisfaction for conducting training with enthusiastic participants and hoped for future collaboration for similar training. On the same occasion, Dr. Bishnu Prasad Devkota, Officiating Campus Chief, appreciated the time and efforts made by the resource person for equipping students to utilize freely available environmental data for research and natural resource management. Dr. Devkota also expressed his commitment to collaborate for advanced training and thank to Dr. Lila Puri for facilitating the training.

# स्ववियुद्वारा स्वागत तथा बिदाइ




स्वतन्त्र विद्यार्थी युनियन वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसले औपचारिक कार्यक्रमका बीच विद्यार्थीहरूलाई स्वागत तथा बिदाइ गरेको छ ।

स्ववियुद्वारा गत २०८० साउन २३ गते क्याम्पसमा आयोजित विशेष समारोहमा स्नातक तह २०७९-०८३ र स्नातकोत्तर तह २०८०-०८२ ब्याचका विद्यार्थीहरूलाई स्वागत गरिएको थियो भने स्नातक तह २०७५-०७९ ब्याचका पासआउट विद्यार्थीहरूलाई बिदाइ गरिएको थियो ।

स्ववियुका अध्यक्ष समीर कार्कीको अध्यक्षता सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेश सभाका माननीय सदस्य एवं गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारी र विशेष अतिथिमा क्याम्पस प्रमुख प्रा. विनोदप्रसाद हेज्यु हुनुहुन्थ्यो । उक्त अवसरमा विविध सांस्कृतिक कार्यक्रम समेत गरिएको थियो ।

---

# स्नातक तह प्रथम वर्षको प्रवेश परीक्षा सम्पन्न

स्नातक तह २०८०-०८४ का लागि नयाँ विद्यार्थी भर्ना कार्यक्रम सम्पन्न भएको छ । उक्त तहको प्रवेश परीक्षा मिति २०८० मङ्सिर ०९ मा भएको थियो । स्नातक तहको प्रवेश परीक्षा वन विज्ञान अध्ययन संस्थान डीन कार्यालयद्वारा २०८० साउन ३१ प्रकाशित सूचना बमोजिम काठमाडौं, हेटौंडा र पोखरा गरी तीन ठाउँमा एकैसाथ सञ्चालन भएकोमा पोखरा केन्द्रको परीक्षामा १६२ जना विद्यार्थीहरु सहभागी भएका थिए ।

प्रत्येक वर्ष लिइने नयाँ भर्ना अन्तर्गत पोखरा क्याम्पसमा स्नातक तहमा ८० जना र स्नातकोत्तर तहका विभिन्न ४ वटा शैक्षिक कार्यक्रम अन्तर्गत ६० जना भर्ना लिने व्यवस्था रहेको छ ।

वन विज्ञानमा स्नातक तह अध्ययन गर्नका लागि त्रि.वि.बाट मान्यताप्राप्त शिक्षण संस्थाहरूबाट CGPA-2 वा GPA-2 अङ्कसहित विज्ञान, वन विज्ञान, कृषिजस्ता विषयमा प्रवीणता प्रमाणपत्र तह, +२ वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था रहेको छ ।

क्याम्पसले नयाँ विद्यार्थीहरूको कक्षा आउँदो माघ महिनादेखि सुरू हुने जनाएको छ । नयाँ विद्यार्थीहरूको नियमित कक्षा सुरू हुनुभन्दा अघि विद्यार्थीहरूलाई संस्थागत गतिविधि, भौतिक अवस्थाहरूदेखि पाठ्यक्रमबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

# वन विज्ञान अध्ययन संस्थानको स्वर्णजयन्ती सम्पन्न




वन विज्ञान अध्ययन संस्थानले स्थापनाको ५० वर्ष पूरा भएको अवसरमा गत २०८० साउन ३१ गते स्वर्णजयन्ती मनाएको छ । काठमाडौंको बल्खुस्थित वन विज्ञान अध्ययन संस्थान, डीन कार्यालयको परिसरमा विशेष समारोह आयोजना गरिएको थियो ।

उक्त अवसरमा स्वर्णजयन्ती स्मारिकाको विमोचन र डीन कार्यालयको नवनिर्मित भवन उद्घाटन गरिएको थियो । अध्ययन संस्थानका डीन प्रा.डा.वीरबहादुर खनाल क्षेत्रीको अध्यक्षता एवं त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा. डा. धर्मकान्त बास्कोटाको प्रमुख आतिथ्यमा सम्पन्न समारोहमा अध्ययन संस्थानका १५ जना पूर्व डीनहरु, हेटौंडा र पोखरा क्याम्पसबाट अवकाशप्राप्त विशिष्ट श्रेणीका २२ जना प्राध्यापकहरु, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयका वर्तमान सचिवसहित विशिष्ट श्रेणीका सचिवको जिम्मेवारी सम्हालिसकेका ५ जना पूर्व विद्यार्थीहरु र स्वर्णजयन्ती स्मारिकाको सम्पादक सूर्यबहादुर क्षेत्रीलाई सम्मान प्रदान गरिएको थियो ।

नेपालमा वन शिक्षाको प्रारम्भ वि.सं. २००४ मा भएको हो । प्रारम्भमा सरकारी स्तरमा वन रक्षक तालिम केन्द्रको नामबाट सञ्चालित उक्त संस्थालाई पछि नेपाल फरेष्ट्री इन्स्टिच्युट नामकरण गरिएको थियो ।

नयाँ शिक्षा लागु भएपश्चात् वि.सं. २०२९ मा त्रिभुवन विश्वविद्यालयको सङ्गठनमा आबद्ध भई वन विज्ञान अध्ययन संस्थानमा रुपान्तरित भएको अध्ययन संस्थानअन्तर्गत वन, वातावरण, वन्यजन्तु, प्राकृतिक स्रोत तथा जैविक विविधता संरक्षणसम्बन्धी विषयमा स्नातक, स्नातकोत्तर र विद्यावारिधिसम्मको अध्ययन, अनुसन्धान सञ्चालित छन् । यस अध्ययन संस्थानअन्तर्गत हाल हेटौंडा, पोखरा र काठमाडौंसहित तीन वटा आङ्गिक र एक सम्बन्धनप्राप्त निजी कलेज सञ्चालित छन् ।




# Campus Progresses in Entrepreneurship Support Program

The letter of intent (LOI) submitted by the Campus to participate in Entrepreneurship Support Program (ESP) has been selected for further consideration by the University Grants Commission (UGC). The ESP program, implemented as a part of the Nurturing Excellence in Higher Education Program (NEHEP) of the UGC, aims to cultivate innovation and foster an entrepreneurial ecosystem within higher education institutions.

It encourages students and young faculties for entrepreneurships development, providing training and start-up seed funds to run enterprises of all sizes. Assistant Professor Dr. Bishnu Hari Wagle, representing the Research Committee, and Assistant Professor Anju Upadhyaya, focal person of the ESP, participated in an orientation workshop organized by the UGC in December to kick start this initiative.

# Unveiling Wood's Journey: Insights from Pokhara Campus Webinar on Log to Sawn Timber




On September 5, 2023, Pokhara Campus hosted a webinar entitled "The journey of wood from log to sawn timber: Diagnosis of sawmilling, utilization and carbon storage". The event held significance amidst the ongoing discourse regarding the suitability of Quarter Girth versus Huber's formula for log volume calculation. The event featured two presentations aimed at shedding light on this matter, followed by interactive discussions.

The first presentation by Sushil Subedi, a recent graduate of IoF, emphasized that a significant amount of wood volume (41% of round log volume) is lost during the conversion into sawn timber.

Following Subedi's presentation, Assistant Professor Suman Bhattarai elaborated on the importance of selecting the appropriate formula based on its intended purpose. Mr. Bhattarai highlighted that Huber's formula closely estimates the volume of round logs, whereas the Quarter Girth formula is more relevant when considering the usable timber volume, especially given the limited use of residues in Nepal.

The webinar drew active participation from a diverse audience of over 100 attendees, including academicians, researchers, bureaucrats, entrepreneurs, and students.

Reflecting on the program, Assistant Professor Dr. Bishnu Hari Wagle noted that the findings align with previous studies, enriching the existing understanding of the topic. He emphasized that despite differences in estimation by Huber's and Quarter girth formula, it should not be overstated, as they have a constant relationship and have the same point of measurements.

Campus Chief Prof. Binod Prasad Heyojoo expressed gratitude to all participants for their engagement and committed to organizing similar events in the future.

# International Symposium on Forests-Water-Livelihood Nexus in the Lesser Himalaya




The IOF hosted the International Symposium on "Forests-Water-Livelihood Nexus in the Lesser Himalaya" from September 29 to 30, 2023 in Hotel Kantipur, Lakeside, Pokhara.

The event aimed to bring together experts in forest hydrology, watershed resource management, forest ecology, and social sciences to exchange ideas and develop a synthesis of knowledge on the forest-water-livelihood nexus in the Lesser Himalaya region. Organization committee of the symposium comprised scientists from IOF Pokhara, Nanjing University of Information Science and Technology (China), USDA Forest Service (USA), King's College London (UK), EMSA-TNO (The Netherlands), SCION (New Zealand), and University of North Carolina-Chapel Hill (USA). All together 50 delegates were participated in the program. Before the symposium event, a field visit was arranged for the participants on September 28.

The symposium commenced with an introductory session featuring Prof. Bir Bhadaur Khanal Chhetri (Dean of the IOF), Dr. Linxiu Zhang (Co-Principal Investigator of UNEP-NSFC and Director of UNEP-IEMP), Dr. Lu Hao (Co-Principal Investigator of the UNEP-NSFC and the Professor of Eco hydrology at NUIST), and Dr. Conghe Song (Principal Investigator of NSF Project and Professor and Chair of the Department of Geography and Environment, UNC-Chapel Hill, USA).

Presentations covered various topics such as progress and future of community forestry in Nepal, nature-based strategies for addressing the interconnected issues of forests, water, and livelihoods, climate change impact on hydrology, ecohydrology, vegetation dynamics, climate change impact on forest trees, watershed and spring-shed management, and eddy covariance technique for measuring carbon and water exchanges.

Additionally, presentations from institutions like Indian Institute of Technology, Chinese Academy of Sciences, ICIMOD, and U.S. Forest Service were included. The symposium facilitated discussions among professionals from the USA, Netherlands, India, China, and Nepal, who shared suggestions for future research. Asst. Prof. Rajan Subedi efficiently managed local coordination and field activities.

# सहायक क्याम्पस प्रमुखहरूको बिदाइ तथा स्वागत




सहायक क्याम्पस प्रमुख सहप्रा. डा. विष्णुप्रसाद देवकोटालाई कात्तिक २० मा औपचारिक समारोह बीच बिदाइ गरिएको थियो । त्रि.वि.को निर्णयानुसार २०७६ असोज २१ मा पहिलोपटक सहायक क्याम्पस प्रमुखको जिम्मेवारी ग्रहण गर्नुभएका डा. देवकोटाको पदावधि २०७८ असोज २० मा समाप्त भएपछि पुनः सोही मितिदेखि लागु हुने दुई वर्षका लागि सहायक क्याम्पस प्रमुखमा नियुक्त गरिएका देवकाटाको २०८० कात्तिक २० गते दोसो कार्यकाल पूरा भएको थियो । नियमित चार वर्षे कार्यकालमा क्याम्पसको समग्र प्राज्ञिक एवं प्रशासनिक कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएको र आफ्नो जिम्मेवारी अन्तरमनदेखि सक्रियता र इमान्दारीपूर्वक पूरा गर्नुभएकोमा खुसी व्यक्त गर्दै क्याम्पस प्रमुख प्रा.विनोद प्रसाद हेज्यूले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

यसै गरी रिक्त रहेको उक्त सहायक क्याम्पस प्रमुख पदमा त्रिभुवन विश्वविद्यालयद्वारा २०८० मङ्सिर १० बाट लागु हुने गरी उपप्रा. सुमन भट्टराईलाई नियुक्त गरिएको हुँदा सोही दिन क्याम्पसमा एक औपचारिक कार्यक्रमका बीच नवनियुक्त सहायक क्याम्पस प्रमुखलाई स्वागतसहित पदस्थापन गरिएको थियो ।

# त्रि.वि.मार्फत क्याम्पसलाई UGC को अनुदान प्राप्त

पोखरा क्याम्पसले २०८० पुस महिनामा ४३ लाख १२ हजार अनुदान प्राप्त गरेको छ । त्रिभुवन विश्वविद्यालय-उच्च शिक्षा प्रवर्धन कार्यक्रमको सचिवालयमार्फत प्राप्त उक्त अनुदान विस्तारित कार्यसम्पादनमा आधारित अनुदान हो र यसका लागि सचिवालयद्वारा २०७९ पौष १३ मा (डिसेम्बर २८, २०२२) मा प्रस्ताव आह्वान गरिएको थियो ।

विश्वविद्यालय अनुदान आयोगले तोकेका विविध मापदण्डहरूमध्ये विद्यार्थीहरूको उत्तीर्ण दर, स्नातकहरूको रोजगारीमा संलग्नता, प्रकाशन र विद्यावारिधिमा शिक्षकहरूको संलग्नताजस्ता शीर्षकहरूमा क्याम्पसले गरेको प्रगति र सो को मूल्याङ्कनका आधारमा उक्त अनुदान प्राप्त गरेको हो । क्याम्पसले सो सम्बन्धी प्रस्ताव तयारी गर्ने जिम्मेवारी Self–Assessment Team (SAT) लाई दिएको थियो ।

सुमन भट्टराई संयोजक तथा विकास अधिकारी र सूर्य क्षेत्री सदस्य रहेको उक्त समितिले IQAC का सदस्यहरूलगायत विभिन्न प्राध्यापक तथा कर्मचारीहरूको सहयोगमा प्रस्तावलाई पूर्णता प्रदान गरी गत वर्ष माघ १० गते त्रि.वि. उच्च शिक्षा प्रवर्धन कार्यक्रमको सचिवालयमा पेस गरिएको थियो ।

# IOF-PC to Host RTSTI 2024 Conference with Nobel Laureate Keynote Speaker

IoF Pokhara Campus is proud to announce its role as the host for the upcoming conference on Recent Trends in Science, Technology, and Innovation 2024 (RTSTI 2024). The event is scheduled to take place on February 22-23, 2024, and is set to bring together a diverse array of academicians, scientists, researchers, scholars, and students from across the globe.

One of the highlights of this prestigious gathering is the presence of Sir Richard John Roberts, the recipient of 1993 Nobel Prize in Physiology or Medicine, who will deliver a keynote address, sharing invaluable insights and expertise.

The conference will offer a dynamic platform for participants to showcase their latest research findings and experiences across eight comprehensive themes: Agriculture, Animal, Fishery, and Food Sciences; Biological Sciences; Engineering and Technology; Forestry, Biodiversity, Environment and Climate Sciences; Health and Medical Sciences; Mathematics, Statistics and Data Sciences; Physical Sciences; and Interdisciplinary Sciences. This framework is expected to provide an exceptional opportunity for exploration and discussions on the most recent innovations and trends within each thematic area.

IoF Pokhara Campus is excited to play a pivotal role in fostering collaboration and knowledge exchange on a global scale. The event promises to be a landmark occasion for the academic and research community, fostering connections, facilitating insights and contributing to the advancement of science, technology, and innovation.

# BCN's Activism in Avian Research and Conservation



Bird Conservation Nepal (BCN) Pokhara Branch, a green organization of IOF-PC, conducted various programs for the avian research and conservation from July to December. BCN participated in the Neighborhood Bird Count from July 1-8, 2023, with enthusiastic participation of its members. The branch also celebrated the 15th International Vulture Awareness Week in September 2023, with various programs aimed at vulture conservation and awareness. The main activities included a panel discussion on Gaps and Priorities for Vulture Research and Conservation in Nepal, Vulture Count of Pokhara Valley, a Sketch Competition and Online Poster Competition, and a Vulture Drama Show at the International Mountain Museum on December 10-12, 2023.

Shiksha Gyawali of BSc 2079-083 batch and Kushal Khanal of 2078-082 batch own first and second position in the sketch competition. Similarly, in the online poster competition, Rajan Marasini of 2076-080 was the first, while Arpana Khanal of 2077-081 secured the second position.

The branch also conducted a "Charakaa Kura" episode 9 on the topic of Women on Conservation, featuring renowned avian conservation and research experts, Ms. Carol Inskipp and Sudha Shrestha. The program was conducted via zoom link on 28th December 2023.

# Organizational Representation of IOF-PC

## Shrawan - Poush, 2080

| S. N. | Name of the Event | Venue/ Country | Date | Organizer | Person | Participation |
|---|---|---|---|---|---|---|
| 1 | General Assembly of the Asia-Pacific Forestry Education Coordination Mechanism (AP-FECM) | China | August 15-17, 2023 | Asia pacific Forestry Education Coordination Mechanism (AP-FECM) | Prof. Dr. Raj Kumar Koirala | Participant |
| 2 | Training on Integrated Website | TU Kirtipur | August 16-18, 2023 | Information Technology Innovation Centre, T.U. | Dipak Lamichhane and Ananda Mohan Sharma, Main Technical Assistant | Participant |
| 3 | Payment for ecosystem services-PES | Pokhara | August 22, 2023 | Pokhara Metropolitan City | Assistant Professor Pabitra Jha | Participants |
| 4 | Provincial consultation on national vision for SDG acceleration | Pokhara | August 30, 2023 | Gandaki Provincial Policy and Planning Commission | Prof. Binod Pd. Heyojoo, Asst. Prof. Dr. Deepa Paudel & Rajan Subedi | Participant |
| 5 | Short-term visiting program | United States | September 5-October 20, 2020 | University of Tennessee, USA | Assoc. Prof. Dr. Thakur Silwal | Visiting scholar |
| 6 | Discussion program among stakeholders on Good practices, opportunities and prospects related to payment for ecosystem services- PES | Pokhara | September 11, 2022 | Pokhara Metropolitan City | Asst. Prof. Dr. Lila Puri, Asst. Prof. Dr. Bishnu Hari Wagle, Rajan Subedi & Pabitra Jha | Resource person, Participant |
| 7 | Enhancing collaboration and institutional performance of higher educational institutions in Pokhara | Pokhara | September 11, 2023 | Gupteshwor Mahadev Multiple Campus | Asst. Prof. Suman Bhattarai | Participant |
| 8 | Policy dialogue on gap, opportunities, and strategic action in forestry sector federalization | Pokhara | September 25, 2023 | Ministry of Industry, Tourism, Forest and Environmen, Gandaki Province | Asst. Prof. Dr. Bishnu Hari Wagle & Suman Bhattarai | Participant |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 9 | International conference on “Peak Perspectives: Navigating challenges and shaping sustainable futures in Nepal’s mountain landscapes” | Kathmandu | October 4, 2023 | Wisions Innovation Lab, Germany | Assoc. Prof. Dr. Kishor Atreya | Invited Speaker |
| 10 | Training on "Agricultural water and soil management" | Spain | November 6-December 21, 2023 | | Asst. Prof. Rajan Subedi | Participant |
| 11 | Training on "Provincial policy planning" | Pokhara | November 7-9, 2023 | USAID/IIDS | Asst. Prof. Dr. Deepa Paudel & Sabina Lamichhane | Speaker/ Participant |
| 12 | Quality Enhance | Pokhara | November 29, 2023 | UGC | Asst. Prof. Suman Bhattarai & Dr. Bishnu Hari Wagle | Participant |
| 13 | Botanical Park Silinge, Pokhara 26 | Pokhara | December 15, 2023 | FRTC-Pokhara | Asst. Prof. Dr. Shesh Kanta Bhandari | Participants |
| 14 | Formulation of the Second Periodic Plan | Pokhara | December 22, 2023 | Pokhara Metropolitan City | Asst. Professor Bikas Adhikari and Sabina Lamichhane | Participants |
| 15 | Sensitization workshop on "Innovation and entrepreneurship culture at HEI: key to flourish startups ecosystem" | Bhaktapur | December 29, 2023 | University Grants Commission | Asst. Prof. Dr. Bishnu Hari Wagle & Anju Upadhyaya | Participant |

# सिद्धान्त क्याम्पसका विद्यार्थीहरूलाई स्वागत




सिद्धान्त क्याम्पस गैंडाकोटका विद्यार्थीहरूले २०८० पुस ११ गते पोखरा क्याम्पसको अवलोकन भ्रमण गरेका थिए । वि.एससी फरेष्ट्री तेस्रो वर्ष दोस्रो समेष्टरका विद्यार्थीहरूलाई वन विज्ञानमा विशिष्टीकृत ज्ञान प्रदानका साथै नयाँ ठाउँको अवलोकन गराउने उद्देश्यले सञ्चालन गरिएको उक्त भ्रमणमा ४९ जना विद्यार्थीहरु सहभागी थिए भने भ्रमण टोलीको नेतृत्व उक्त क्याम्पसका फरेष्ट्री कोअर्डिनेटर रुवी साहले गर्नुभएको थियो ।

कृषि तथा वन विश्वविद्यालय अन्तर्गतको उक्त क्याम्पसका शिक्षक तथा विद्यार्थीहरूलाई पोखरा क्याम्पसका प्रमुख प्रा. विनोदप्रसाद हेज्युले स्वागत गर्नुभएको थियो । भ्रमण टोलीलाई क्याम्पसभित्र विभिन्न ठाउँहरूको अवलोकन उराउनुका साथै फरेस्ट युटिलाइजेसन प्रयोगशालामा रहेका उपकरणहरु र तिनको व्यावहारिक प्रयोगबारे बताइएको थियो । उक्त कार्यमा पोखरा क्याम्पसका सह-प्राध्यापक डा.जितनारायण साह र मुख्य प्राविधिक सहायक आशिष पौडेलले सहजीकरण गर्नुभएको थियो ।

# Articles Published by Faculties

## Shrawan - Poush, 2080

**Atreya, K.,** Kattel, K., **Tiwari, K.R., Baral, S., Adhikary, R.** and Kalwar, O.P. (2023). Nutritional, ecological and livelihood significance of Moringa oleifera: A review. *Archives of Agriculture and Environmental Science, 8*(3): 452 - 461. https://doi.org/10.26832/24566632.2023.0803025

**Atreya, K.,** Rimal, N.S. Makai, P., Baidya, M., Karki, J., Pohl, G., and Bhattarai, S. (2023). Dalit's livelihoods in Nepal: income sources and determinants. *Environment, Development and Sustainability, 25*: 12629-12657. https://doi.org/10.1007/s10668-022-02582-2

Bhandari, G., Chiaia-HernÃndez, A.C., **Atreya, K.,** Geissen, V. and Singh, S.P. (2023). Knowledge and practices of commercial banana farmers related to pesticide use in Chitwan district, Nepal: a cross-sectional study and meta-analyses. *Environmental Monitoring and Assessment, 195*(12): 1-17. http://dx.doi.org/10.1007/s10661-023-12093-w

**Bhandari, S.K.,** Veneklaas, E.J., McCaw, L., Mazanec, R., Whitford, K. and Renton, M. (2023). Investigating above- vs. below-ground competition by accounting for azimuth of competitors in native eucalyptus forests. *Forest Ecology and Management, 542:* 121103. https://doi.org/10.1016/j.foreco.2023.121103

Chaudhary, R.K., **Puri, L.,** Acharya, A. K. and Aryal, R. (2023): Wetland Mapping and Monitoring with Sentinel-1 and Sentinel-2 Data on the Google Earth Engine. *Journal of Forest and Natural Resource Management, 3*(1): 1-21. https://doi.org/10.3126/jfnrm.v3i1.60107

**Chhetri, H. B.** (2023). An assessment of the Determinants of Inflation in Nepal: A study between 1974/75 and 2021/22. *Kalika Journal of Multidisciplinary Studies* 5(1):32-46. https://doi.org/10.3126/kjms.v5i1.60906

**Gautam, N.P., Bhusal, P.,** Raut, N.K., Chhetri, B.B.K, Raut, N., Rashid, M.H.U., and Wu, P. (2023). Nepal's community forestry: critical reflection from the governance perspective. *Scandinavian Journal of Forest Research,* 38(7-8): 529-541. https://doi.org/10.1080/02827581.2023.2262927

**Gautam, N.P., Raut, N., Chhetri, B.B.K.**, and Raut, N.K. (2023). Impact of Men's Out-migration on Women's Participation in Community Forestry: Insights from Rural Nepal. FORMATH, 22005. https://doi.org/10.15684/formath.22.005

**Neupane, B.,** Gautam, N., Miya, M.S., Upadhyaya, A., **Timilsina, Y.P, Gautam, D.,** Kandel, S.R. and Dhami, B. (2023). Socio-Economic Contribution of *Zanthoxylum armatum* (Timur) in the Rural Household Income of Myagdi District, Nepal. *Environment and Natural Resources Journal,* 21(1):58-6. https://doi.org/10.32526/ennrj/21/202200175

Neupane, T., **Jha, P.,** Paudel, P., Paudel, D., **Bhusal, P.,** Rijal, A., and Bhandari, H. M. (2023). Variation of Financial Benefits from Provisioning Ecosystem Services between Nearby and Distant Users in Partnership Forest Management in Nepal. *International Forestry Review, 25*(4), 423–434. https://doi.org/10.1505/146554823838028175

Pokhrel, N., Timilsina, N., Awasthi, N., Adhikari, A., **Adhikari, B.,** Ayer, S., and Bhatta, K.P. (2023). Implications of irregular shelterwood system on regeneration and species diversity of Sal (Shorea robusta Gaertn. f.) forest in Nepal. *Heliyon,* 10(1): e23156. https://doi.org/10.1016/j.heliyon.2023.e23156

Thapa, K., **Baral, S.,** and Rayamajhi, S. (2023). Effectiveness of Human-Snow leopard coexistence measure- a systematic analysis. *Journal of Nature Conservation, 76:* 126511. https://doi.org/10.1016/j.jnc.2023.126511

**Wagle, B. H.,** Weiskittel, A.R., Berrill, J.-P., Kizha, A.R., D'Amato, A.W. and Marshall, D. (2023). Tree-level responses to commercial thinning in spruce-fir forests across northern Maine, USA. *Forest Ecology and Management, 546:* 121358. http://dx.doi.org/10.1016/j.foreco.2023.121358

# हार्दिक बधाई एवं उत्तरोत्तर प्रगतिको शुभकामना



डा. नारायणप्रसाद गौतम
सह-प्राध्यापक
उत्कृष्ट वर्ष शिक्षक-२०७९/०८०



सूर्यबहादुर क्षेत्री
उप-पुस्तकालयाध्यक्ष
उत्कृष्ट वर्ष कर्मचारी-२०७९/०८०

## BSc TOPPER



विश्वबन्धु आचार्य
स्नातक तह २०७४-०७८ समूह
प्राप्ताङ्क ८५.२०%



दिनेश भुसाल
स्नातक तह २०७५-०७९ समूह
प्राप्ताङ्क ८६.२%

# सेवानिवृत्त प्राध्यापक तथा कर्मचारीहरू

(२०८० साउन १ देखि पुष मसान्तसम्म)

| क्र.सं. | शिक्षक, कर्मचारीको नाम | पद | अवकाश मिति |
|---|---|---|---|
| १ | श्री हरिश्चन्द्र त्रिपाठी | मुख्य प्राविधिक सहायक | २०८०।०४।०४ |
| २ | श्री रूमबहादुर भण्डारी | प्राविधिक सहायक | २०८०।०४।०६ |
| ३ | श्री रामचन्द्र पौडेल (स्वेच्छिक राजीनामा) | मुख्य कार्यालय सहायक | २०८०।०८।११ |
| ४ | श्री आशिष पौडेल (स्वेच्छिक राजीनामा) | मुख्य प्राविधिक सहायक | २०८०।०९।२२ |

# नयाँ नियुक्ति/सरूवा/पदस्थापन

(२०८० साउन १ देखि पुष मसान्तसम्म)

| क्र.सं. | शिक्षक, कर्मचारीको नाम | पद | नियुक्ति/सरूवा मिति |
|---|---|---|---|
| १ | श्री एमानसिंह बोहरा | सह-प्रशासक | २०८०।०६।०१ (त्रि.वि. प्राज्ञिक परिषदको कार्यालयमा सरूवा) |
| २ | श्री कृष्ण रावल | मुख्य प्राविधिक सहायक (प्याथोलोजी) | २०८०।०९।२९ (नयाँ नियुक्ति) |

# हार्दिक बधाई



मिति २०८०/०८/१० मा वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसको सहायक क्याम्पस प्रमुख नियुक्त हुनुभएकोमा उपप्रा. सुमन भट्टराईज्यूलाई हार्दिक बधाई एवं सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

Assistant Professor **Bishnu Hari Wagle** has successfully completed his PhD in *'Forest Resources'* in August 2023 from University of Maine, USA. We would like to congratulate for this academic achievement and best wishes for his bright future.



## अनुरोध

पोखरा क्याम्पस बुलेटिनमा प्रकाशनार्थ अध्ययन, अध्यापन, अनुसन्धान, तालिम, गोष्ठी, खेलकुद, प्रतियोगिता, जनचेतनामूलक कार्यक्रमलगायतका अतिरिक्त क्रियाकलाप सम्बन्धी गतिविधिहरूको जानकारी र तस्बिरहरु पठाई सहयोग गरिदिनुहुन वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसका सम्पूर्ण प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूमा हार्दिक अनुरोध गर्दछौं ।


| | |
|---|---|
| Chief Editor | : Dr. Bishnu Hari Wagle, Assistant Professor |
| Editor | : Mr. Surya Bahadur Chhetri, Deputy Librarian |
| Publisher | : Institute of Forestry, Pokhara Campus, Hariyokharka, Pokhara |
| | Phone : +977-061-430469, 431689 |
| E-mail | : bulletin@iofpc.edu.np |
| Webpage | : pc.tu.edu.np/www.iofpc.edu.np |
| Publication Period | : Half Yearly (अर्धवार्षिक) |